**बैठक नं. १४** (बैठक संख्या ७२)

आज मिति २०८२/०३/०४ गते बिहान ११:०० बजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

**उपस्थिती:**

| क्र सं | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि. क. | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री वीर बहादुर पुन | |
| १५ | अधिकृत सातौ | श्री विमला गैह्रे | |
| १६. | हलुका सवारी चालक | श्री नारायण घुमाल | |
| | | | |
| | | | |
| | | | |

मितिः २०८२/०३/०४ बैठक नं १४

**निर्णय नं १**

**प्राप्त पत्र बारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं २**

**चालु आ.व. को हालसम्मको वित्तीय प्रगति सम्बन्धमाः** चालु आ.व. ०८१/०८२ को हालसम्मको वित्तीय प्रगतिको सम्बन्धमा जानकारी गराइयो । हालसम्म अनुमानित आयको ९७.७४% आम्दानी प्राप्त भएको छ भने अनुमानित व्यय को जम्मा ५८.११% खर्च रहेकोमा चालु तर्फ ६३.८४% र पुँजीगत तर्फ ४४.०२% खर्च भएको देखिन्छ ।

**निर्णय नं ३**

**विपदबाट अवरुद्ध खानेपानी संचालन सम्बन्धमाः** रम्भा गाउँपालिका वडा नं ३ मा अवस्थित कुवादी पार्थोक टोलका स्थानीय बासिन्दाहरुले पन्यारघाट मूहानको करिब २३ घरधुरीले विगत वर्षदेखि नै पिउने पानीको रुपमा प्रयोग गर्दै आएको पानी जम्मा गर्ने टंकी फुटेको कारण उक्त ट्याकीं निर्माण गर्नुपर्ने भएको भनि ३ नं वडाबाट समेत सिफारीस प्राप्त भइ आएको हुदाँ प्राविधिकको लागत अनुमान बमोजिम मूहान संरक्षणको लागि आवश्यक रु २०००००।-(अक्षेरपि दुई लाख) विपद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरि पन्यारघाट कुवादी खानेपानी ट्याकीं निर्माण कार्य अघि बढाउने ।

**निर्णय नं ४**

यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र सं | निवेदकको नाम ठेगाना | विवरण | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | गंगीसरा कामी रम्भा २ फोक्सिङकोट | प्यारालाइसिस भएको हुदाँ उपचारार्थ | १००००(अक्षेरपि दश हजार) | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | तारा प्रसाद गहतराज रम्भा ४ | फिस्टुलाको अपरेशन | १५०००(अक्षेरपि पन्ध्र हजार) | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ३ | यादव प्रसाद अर्याल रम्भा १ | गोठ जलेर नष्ट भएको | ७५००(हक्षेरपि सात हजार पाँच सय) | प्रकोप व्यवस्थापन कोष |

- तपसिल बमोजिमको उद्देश्यले गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमका संस्थाहरुलाइ तपसिल बमोजिमको सहायता रकम छुटपुट चालु खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | संस्थाको नाम ठेगाना | उद्देश्य | सहायता रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन | राष्ट्रिय महाधिवेशन | रु १५,०००।(अक्षेरपि पन्ध्र हजार) | विविध कार्यक्रम खर्च/ आवश्यकता/कार्यपालिका निर्णय अनुसार |

निर्णय नं ५

**सामुदायिक पुस्तकालय तथा ज्येष्ठ नागरिक प्रवचनालय व्यवस्थापन** सम्बन्धमाः रम्भा गाउँपालिकाको बार्षिक स्वीकृत सामुदायिक पुस्तकालय/वाचनालय व्यवस्थापन कार्यक्रम शिर्षकमा विनियोजित बजेट २५००००(अक्षेरपि दुई लाख पचास हजार) कार्यान्वयनका लागि रम्भा गाउँपालिका वडा नं १ मा अवस्थित ज्येष्ठ नागरिक प्रवचनालय व्यवस्थापन समितिबाट पेश भएको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ६

**करुवा अर्धसाप्ताहिक सम्झौता अनुमोदनः** यस गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह, सुशासन. योजना तथा समग्र गाउँपालिकाको हरेक विषयसँग सम्बन्धित सवालहरुलाइ आम जनताबिच सम्प्रेषण गरि पारदर्शी गाउँपालिका निर्माण गर्ने उद्देश्यले मिति २०८१/१२/१२ गते गाउँपालिका र करुवा अर्धसाप्ताहिकका सम्पादक श्री कृष्ण कार्कीबिच भएको सम्झौता अनुमोदन गर्ने ।

निर्णय नं ७

**आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमः** रम्भा गाउँपालिकाका विभिन्न विषयगत समिति,सर्वदलीय बैठक,विभिन्न संजाल तथा अन्य माध्यमबाट गाउँपालिकामा प्राप्त सुझावहरु समेत समावेश गरी तयार गरिएको आ.व. २०८२/०८३ को प्रस्तावित बार्षिक नीति तथा कार्यक्रम माथि छलफल गरी गाउँसभाको १७ औ अधिवेशनको पहिलो बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ८

**विद्युत पोल वितरणः** रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम विद्युत पोल र ट्रान्सफर्मर खरिद शिर्षकबाट खरिद भई आएका जम्मा २० वटा विद्युत पोल तपसिल बमोजिम जाँडफाँड गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं/ संस्था | विद्युत पोल संख्या |
|---|---|
| १ | ४ |
| फोक्सिङकोट सामुदायिक विद्युत वितरक संस्था वडा नं २ र ३ | १० वटा |
| वडा नं ४ | १ |
| बाकुमगढी सामुदायिक विद्युत वितरक संस्था | ५ |

CamScanner

**निर्णय नं ९**

**मिनिटिलर वितरण सम्बन्धमाः** रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम कृषि औजार वितरण शिर्षकबाट खरिद भएका मिनिटिलर तपसिल बमोजिमका वडामा तपसिल बमोजिमको संख्यामा वितरण गर्ने साथै रम्भा गाउँपालिकाका ५ वटै वडाबाट मिनिटिलर प्राप्त गर्ने कृषक समुह/कृषि फर्म/कृषि सहकारीको निवेदन तथा वडा समितिको निर्णय र वडा कार्यालयको सिफारिस सहित गाउँपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र सं | वडा नं | वितरण हुने संख्या |
|---|---|---|
| १ | १ | ८ |
| २ | २ | ६ |
| ३ | ३ | ७ |
| ४ | ४ | ५ |
| ५ | ५ | ५ |

**निर्णय नं १०**

**वडा नं ४ र ५ को पाठ्यपुस्तक स्वीकृत सम्बन्धमाः** रम्भा गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरुका लागि स्थानीय पाठ्यपुस्तक समितिबाट तयार भएको कक्षा ४ र ५ को पाठ्यपुस्तक अन्तिम मस्यौदा यस बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

**कार्यविधि स्वीकृतः**

- रम्भा गाउँपालिकाको स्वामित्वमा रहेको व्याकहो लोडर संचालन तथा व्यवस्थापन प्रक्रियालाइ नियमित तथा व्यवस्थित गर्न **व्याकहो -लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२** स्वीकृत गरी कार्यान्वयन गर्ने।
- रम्भा गाउँपालिकाभित्र संचालित स्वास्थ्य संस्थाहरुको खर्चलाई मितव्ययी तथा प्रभावकारी रुपमा संचालन गर्न स्वास्थ्य संस्थाको व्यवस्थापन खर्च संचालन मापदण्ड २०८२ स्वीकृत गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं १२**

**रकम भुक्तानी** सम्बन्धमाःनेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाले पाल्पा तानसेनमा बिरामीलाई रगत अभाव हुन नदिन ब्लड बैंक(रक्त संचार केन्द्र) स्थापना तथा संचालन गर्न लागेको हुदाँ उक्त संस्थाले पेश गरेको प्रस्तावना स्वीकृत गरी रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम ब्लड बैंक स्थापना सहकार्य शिर्षकबाट रु ५०००००(अक्षेरुपी पाँच लाख)भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १३**

**निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने सम्बन्धमाः** यस गाउँपालिकामा पेश हुन आएका तपसिल बमोजिमको निर्माण व्यवसायीलाई रम्भा गाउँपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७७ को पहिलो संशोधन समेतका आधारमा घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

तपसिलः

| क्र सं | निर्माण व्यवसायी कम्पनीको नाम | प्रोपाइटरको नाम, ठेगाना |
|---|---|---|
| १ | चट्टान कन्स्ट्रक्सन प्रा.ली. रम्भा १ | रिक मान जर्घा |

निर्णय नं १४

**बालमैत्री सहजकर्ताहरुको करार म्याद सम्बन्धमाः** स्थानीय बालमैत्री सहजकर्ताहरुको सम्झौता करार अवधी थप नगर्ने निर्णय गरियो ।

निर्णय नं १५

**पुल हेरालुको भुक्तानी निकासा सम्बन्धमाः** रम्भा गाउँपालिकाका विभिन्न वडामा अवस्थित झोलुङ्गे पुल हेरालुहरुको गाउँकार्यपालिकाको मिति २०८१/०४/०४ मा भएको निर्णय बमोजिम वडा कार्यालयबाट प्राप्त सिफारीस समेतलाई आधार मानी सम्झौता बमोजिमको रकम भुक्तानी दिने ।

निर्णय नं १६

**JCB मेशीन हेभि सवारी चालक र सहचालकको सेवा सुविधा सम्बन्धमाः** रम्भा गाउँपालिकाको स्वामित्वमा रहेको व्याकहो -लोडर संचालनको लागि गाउँकार्यपालिकावाट स्वीकृत रम्भा गाउँपालिकाको व्याकहो – लोडर संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८२ को परिच्छेद ३ दफा ७ मा मूख्य चालक र सहचालकको सेवा सुविधा गाउँकार्यपालिका वैठकको निर्णय बमोजिम हुने भन्ने व्यवस्था बमोजिम JCB अपरेटरको मासिक तलब नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक र भत्ता प्रतिघण्टा रु १५०(काम गरेको अवधिको) तथा सहचालकको सेवा सुविधा अदक्ष कामदारको दैनिक ज्याला रहने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं १७

रम्भा गाउँपालिकाका सार्वजनिक जग्गाहरु विशेष गरी सडकको मापदण्ड भित्र निर्माण सामाग्री(ढुङ्गा गिट्टी, बालुवा काठ) तथा अन्य वस्तुहरु राखेको तथा पसल व्यवसाय संचालन गरेको देखिएको हुदाँ दैनिक यातायातमा समेत जोखिम भएकोले तत्काल हटाउन सूचना आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं १८

**प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका योजना संचालन सम्बन्धमाः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका तपसिल बमोजिमका योजनाहरुको निर्माण कार्यमा प्रयोग हुने सामाग्रीहरु प्रधानमन्त्री रोजगार सामाग्री व्यवस्थापन शिर्षक र ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रम बाट खर्च गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र सं | योजनाको नाम | ज्याला रकम | सामाग्री रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | यालुङ कुलो मर्मत रम्भा १ हुँगी | ४३४२० | ४६३९३१५२ | ८९८१२१५२ |

| | | | | |
|---|---|---|---|---|
| २ | लामभाक करङ्गच घोडसिङवार पातीहार पैदल मार्ग योजना (रम्भा २ फोक्सिङ्कोट) | ४००८०० | १७४७१५।५० | ५७५५१५।५० |
| ३ | लोहरेङ देखि जल्पा देवी मन्दिर जाने बाटो निर्माण लोहरेङ (रम्भा ४ हुमिन) | २६७२०० | १२४०११।१२ | ३९१२११।१२ |

**निर्णय नं १९**

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्विकृत सम्बन्धमा:**

यस गाउँपालिका भित्रका कालीगण्डकी नदि अन्तर्गतका विभिन्न घाटहरु तथा सहदिखोला र अगाहाँखोला नदिबाट नदिजन्य पदार्थ उत्खनन प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षणको लागि यस रम्भा गाउँपालिका र AB Eco consult pvt.ltd तारकेश्वर ४ काठमाडौं बिच भएको सम्झौता अनुसार उक्त परामर्शद्धारा प्रस्तुत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमाथि छलफल गरी उक्त प्रतिवेदन स्विकृत गर्ने निर्णय गरीयो।

निर्णय नं २०

**सडक मर्मतको रकम भुक्तानी सम्बन्धमा:** बर्षा यामको समयमा रम्भा गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरुमा जान सक्ने पहिरो व्यवस्थापन गरि तत्काल संचालनमा ल्याउन आवश्यक हुने भएको हुदाँ सडक मर्मत सम्भार शिर्षकबाट भुक्तानी हुने गरि मर्मत कार्य अघि बढाउने निर्णय गरियो।

निर्णय नं २१

**रकमान्तरण सम्बन्धमा:** रम्भा गाउँपालिकाको चालु आ.व.को स्वीकृती वजेटबाट तपसिल बमोजिमको शिर्षकबाट अपुग रकम देहाय बमोजिमको शिर्षकमा रमान्तरण गर्ने निर्णय गरियो।

| क्र.सं. | शिर्षक | रकमान्तरण रकम | रकमान्तरण भइ जाने | कैफियत |
|---|---|---|---|---|
| १ | लागत साझेदारी कार्यक्रम | २०,००,०००। | विपद व्यवस्थापन कोष | तत्काल विपदबाट प्रभावित भौतिक संरचनाहरु समिति तथा कार्यपालिका बैठकको निर्णय अनुसार निर्माण गर्ने। |
| २ | छुटफुट पूँजीगत खर्च | ११,००,०००। | विपद व्यवस्थापन कोष | |

CamScanner